Janakhoji samachar Janakhojinews JanakhojiTV

# जनखोजी

साप्ताहिक

WWW.Janakhoji.com

साझा विचार ताजा समाचार

तपाइको गाउँ, ठाउँमा कुनै सुचना, जानकारी, बिज्ञापन दिनु परेमा हामीलाई खबर गर्नुहोस् ।

जनखोजी

कार्यालय: प्युठान न.पा.-४, प्युठान
फोन : ९८५७८३६०२७, ९८५७८३३८००
९८४७८२१२२१, ९८४७८२०८९७
E-mail: janakhoji.news@gmail.com
www. Janakhoji.com

वर्ष-१, अंक ३९ | २०७९ साल जेठ ३० गते सोमबार | (Janakhoji Weekly) 13 Monday June, 2022 | पृष्ठ-८ | मूल्य रु. - २०/-

## जनप्रतिनिधि वजेट निर्माणको तयारीमा

**जनखोजी संवाददाता**

**प्यूठान,** स्थानीय तहको निर्वाचन सम्पन्न भएको ५ हप्ता मै नयाँ निति कार्यक्रमको समय आएको छ । निति तथा कार्यक्रम र वजेट विनियोजनमा जनप्रतिनिधिहरु व्यस्त रहेका छन् ।

जिल्लाका नौ वर्टै स्थानीय तहमा विभिन्न चरणका छलफल, वस्ती भेला लगायतका कार्यक्रम गरी निति तथा कार्यक्रम र वजेट विनियोजन गर्ने तयारीमा रहेको पालिकाका प्रमुखहरुले बताउछन् । टोलटोलबाट आएका योजनालाई एकीकृत गरेर वडाले पालिकामा पठाएका योजनाको छनौट तथा वजेटमा फरक तथा प्रभावकारिताका विषयमा जनप्रतिनिधिहरु घोत्लिएका हुन् । पहुँचको भरमा बजेट विनियोजन गर्न नहुने र आवश्यकताअनुसार विकास निर्माणका गतिविधिलाई स्थानीयस्तरसम्म पुऱ्याउनुपर्ने विषयमा स्थानीयको जोड छ । विकासका लागि सबैको राय-सुझाव र नमुना योजना माग गरिएको छ । अहिले पनि सडक कालोपत्र, ढल निकासका योजना बढी आएका छन्,' ।

माण्डबी गाउपालिका पनि बजेटको तयारीमा जुटेको छ । राजस्व परामर्श समिति र कार्यपालिकाबाट बजेटको आकारबारे छलफल गरेर बजेटलाई अन्तिम रूप दिने माण्डबी गाउपालिकाका अध्यक्ष नमराज अधिकारीले बताए । अधिकारीले भने 'बजेटको आकार ठूलो भन्दा पनि कार्यान्वयन गर्न सकिने र गाउपालिकाबासीले अनुभूति गर्ने कार्यक्रम ल्याउने छौं ।

## लुम्बिनी प्रदेशको वजेट

### प्यूठान अस्पतालको सुदृढीकरणमा वजेटको प्राथमिकता



**जनखोजी संवाददाता**

**प्यूठान,** बुधवार लुम्बिनी प्रदेशको वजेट लुम्बिनी प्रदेश सभामा पेश भएको छ । आर्थिक मामिला तथा सहकारी मन्त्री कृष्ण ध्वज खड्काले आर्थिक वर्ष २०७९/८० को लागि बजेट वक्तव्य पेश गरेका हुन् । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रीले नेपालको संविधानको धारा २०७ बमोजिम प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट प्रस्तुत गरेका हुन् ।

पेज नं. ५ मा

## रजवारामा सतुवा खेति शुरु



**जनखोजी संवाददाता**

**प्युठान,** गौमुखि गाउपालिका वडा नं. ३ रजवारारामा सतुवाका बिरुवा वितरण गरिएको छ ।

सनिबार जिल्ला वन कार्यालय प्यूठानले उपलब्ध गाराएको ६ हजार ६ सय सुतुवाका निरुवा वितरण तथा रोपण गरिएको छ ।गौमुखी गाउपालिकालाई किवी,ओखर लगायत बहुमुल्य फलफूलको पकेट क्षेत्र बनाउने योजनाका साथ अहिले पालिका कृषिलाई पहिलो प्राथमिकतामा राखेर कृषिका कार्यक्रमलाई अगाडी सारिएको छ । ओसिलो जमिन भएको ठाउँमा उम्रिने सतुवा जडिबुटीको विरुवा औसतमा आधा मिटर उचाइको हुन्छ भने विरुवाको माथिल्लो भागमा सातवटा पातहरु एउटै छत्र बनाइ बसेका हुन्छन् । यो बोटको काण्ड औषधिका लागि निकै उपयोगी मानिन्छ । आयुर्वेदिक औषधिमा यो निकै उपयोगी र लाभदायक मानिन्छ ।

गाउँघरमा सतुवालाई धेरै रोगहरुको औषधिका रुपमा प्रयोग गरिन्छ । पेट दुखेमा सतुवा खाँदा निकै फाइदाजनक हुन्छ । पाकेको घाउमा सतुवाको लेप बनाइ लगाउँछ चाँडो निको हुन्छ । वान्ता भएमा पखाला चलेमा, विष सेवन गरेका मानिसहरुलाई सतुवा खुवाउँदा निको हुन्छ । धतुरो र रक्सीको नसा हटाउन पनि सतुवा निकै उपयोगी मानिन्छ

## सरुमारानीका ८ प्रतिशत महिलामा पाठेघरको समस्या

**जनखोजी संवाददाता**



**प्युठान,** सरुमारानी गाउँपालिकाको एउटा शिविरबाट ८ प्रतिशत महिलाहरुको पाठेघरमा समस्या देखिएको छ । वड्डाडा आधारभुत स्वास्थ्य सेवा केन्द्र सरुमारानी गाउँपालिका-४ मा सञ्चालन गरिएको शिविरबाट सो समस्या भेटिएको हो ।

शिबिरमा गाउपालिकाका ६२ महिलाको पाठेघरको परीक्षण गरिएको सरुमारानी गाउपालिकाका स्वास्थ्य शाखा प्रमुख टेकेन्द्र रायमाझीले जानकारी दिए । 'परीक्षणबाट ५ जनाको समस्या देखियो' रायमाझीले भने '३ जनाको सामान्य र २ जनाको अप्रेशन गर्नै पर्ने भेटियो' । सरुमारानी गाउपालिकाको आयोजनामा सञ्चालन गरिएको उक्त शिविरमा जिल्ला अस्पताल प्युठानका डा. सञ्जय कक्षपति, नसिङ अधिकृत राधा के.सी., गाउँपालिकाका स्वास्थ्यकर्मीले परीक्षण गरेका थिए ।

प्रो. यज्ञ बहादुर के.सी. (प्रभात) मो.: ९८५७८३३९८१
अब प्यूठान जिल्लामा पहिलो पटक पार्केटिङ्ग सेवा
गौरव अर्डर एण्ड सप्लायर्स
प्यूठान नगरपालिका-४, जुम्री, प्यूठान
राधा फर्निचर तथा स:मिल
हाम्रा सेवाहरु : घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ्ग सम्बन्धि सामाग्री, काठ चिरान, पार्केटिङ, विभिन्न जातका काठ आवश्यक परेमा हामीलाई सम्झनुहोला ।

हाम्रो डेकोर, राम्रो डेकोर
प्रो. सन्देश आचार्य ९८५७८३१९४७, ९८४८१६५१४७
हाम्रो राम्रो अर्डर एण्ड सप्लायर्स
प्यूठान नगरपालिका-८, बाग्दुला, प्यूठान
हाम्रा सेवाहरु : घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ्ग सम्बन्धि सामाग्री आवश्यक परेमा हामिलाई सम्झनुहोला ।

# सम्पादकीय

## वजेट उत्पादनमुखी निर्माण गर

दोश्रो पटक स्थानीय तहको निर्वाचन भएपश्चात निति तथा कार्यक्रम र वजेट विनियोजनको तिव्र तयारी छ । यतिवेला स्थानीय तहका जनप्रतिनिधिहरु कार्यपालिका तथा सरोकारवाला निकायहरुसंग छलफल चलाइरहेका छन् ।

दोश्रो निर्वाचनबाट आएका नयाँ जनप्रतिनिधि र एक कार्यकाल अनुभव वटुलेका प्रतिनिधि वजेटमा आएका भिन्नताहरु के के छन् ? अनुभवीहरुलाई सिकाईबाट कति प्रभावकारी वजेट ल्याउन सके ? यी उत्तरहरुको जवाफ एक हप्ता भित्र नै आउने छ ।

मुख्यतः संघ र प्रदेशको वजेट प्रस्तुत गरिसकेका छन् । संघ र प्रदेश सरकारले लिएको कार्यान्वयन गर्न सके वजेट उत्पादनमूखी तथा दिगो विकासका लागि मार्गदर्शक बनेको छ । उत्पादन तथा निर्यातमूखी वजेट हुँदा आयात प्रतिष्ठापन तथा व्यापार घाटा न्युनिकरणमा सहयोग पुग्ने अपेक्षा गरौं । ती कुराहरु कार्यान्वयनको चरणमा सरकारले खेल्ने भूमिकाले देखाउँला ।

जिल्लाका स्थानीय तहहरुले असार १० गते लक्षित गरी निति तथा कार्यक्रम प्रस्तुत गर्दैछन् । समृद्ध स्थानीय तहको निर्माणका लागि यो वर्षको वजेट कस्तो आउँदछ भन्ने कौतुहलता आम नागरिकमा छ । कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी, उद्यम विकास तथा नागरिकका समस्याको समाधानमा जनप्रतिनिधिको दीर्घकालिन प्रभावकारितामा ध्यान जाओस भन्ने सबै नागरिकको धारणा छ ।

स्थानीय तहमा हुन सक्ने फजुल खर्च, अर्थहिन तालिम तथा नियुक्ति, मतदानमा मत गरेको क्षेत्रको आधारमा, कुनै राजनितिक स्वार्थका आधारमा निति तथा कार्यक्रम र वजेट निर्माण नहोस । वजेट निर्माणमा नेतृत्वको सक्षमतालाई गहन रुपमा प्रस्तुत गरेको देख्न पाइयोस । वजेट तथा विकास क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वहरुको सल्लाह सुझावमा पालिकामा रोजगार तथा जनताले सर्वसुलव सेवा पाउन कार्यक्रमहरु बन्न सकुन भन्ने हामीलाई लाग्दछ ।

# वित्तीय संघीयतामा वित्त सम्बन्धका क्षेत्रहरु

डा. दामोदर रेग्मी

वित्तीय संघीयतामा सरकारका सवै तहहरुवीच वित्त सम्बन्ध रहेको हुन्छ । माथिल्लो तहको सरकार संग रहेको वित्तीय स्रोतलाई तलका तहहरुलाई वित्त हस्तान्तरण, विभिन्न अनुदानहरुको उपलब्धता, राजस्वको बांडफाँड र आन्तरिक राजस्व संकलनको अधिकारको सुनिश्चितता गरेको हुन्छ ।

यसप्रकारकोस्रोतकोहस्तान्तरणले मूलतः वित्तीय समानताको अवधारणा लिएको हुन्छ । यस अवधारणा अनुसार सवै तहहरुमा वित्त हस्तान्तरणमा न्यूनतम सीमा निर्धारण गरिएको हुन्छ । संघीयताले समानता भन्दा पनि समतामा जोड दिने हुदा वित्तीय संघीयताले वित्तीय समतालाई प्रबध्र्दन गर्न स्थान विशेषको आवश्यकताको आधारमा न्यूनतम सीमा भन्दा वढी थप स्रोतको उपलब्ध हुनु पर्ने कुरामा जोड दिने गर्दछ । वित्तीय समानता वा समताको अवधारणाले स्रोतको प्रवाहको पारदर्शी सुनिश्चितताको साथसाथै स्रोतको विवेकपूर्ण उपयोग र उत्पादकत्व अभिवृध्दिको माग गर्दछ । यसको साथसाथै आउने अर्को आयाम सार्वजनिक वित्तको कुशल प्रयोगका लागि समष्टिगत स्थायित्व कायम गर्न वित्तका नयां संभावनाहरुको खोजी, सहवित्तीयकरणको प्रभावकारिता, वित्तीय उत्पादकत्व र सुशासन अपरिहार्य विषयहरु हुन् ।

वित्त हस्तान्तरणले समतामूलक वितरणको सिध्दान्त , आवश्यकताको सिध्दान्त, समान अवसरको सिध्दान्त, निष्पक्षताको सिध्दान्त, स्वच्छताको सिध्दान्त, सामर्थ्यताको सिध्दान्त र पूर्वानुमानको सिध्दान्त अनुरुप वित्त हस्तान्तरण हुनु पर्ने मान्यता राख्दछ ।वित्तीय समतालाई प्रबर्ध्दनको लागि सरकारी वित्तहरुको हस्तान्तरण एउटा राम्रो संयन्त्र हो जसमा अनुदानहरुको हस्तान्तरण र राजस्व वाँडफाड पर्ने गर्दछ ।

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान दिने गर्दछ ।

यसै गरी प्रदेशले नेपाल सरकार बाट प्राप्त अनुदान र उठेको राजस्वलाई प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान दिने गर्दछ ।नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई कुनै योजना कार्यान्वयन गर्नका लागि आवश्यक शर्त तोकि अनुदान दिने गर्दछ ।

यसै अनुरुप प्रदेशले पनि प्रदेश कानुन बमोजिम स्थानीय तहलाई सशर्त अनुदान दिने गर्दछ । नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई पुर्वाधार विकास सम्वन्धी कुनै योजना कार्यान्वियन गर्न समपुरक अनुदान दिने गर्दछ ।

प्रदेशले आफ्नो कानुन वमोजिम स्थानीय तहलाई समपुरक अनुदान दिन सक्दछ ।नेपाल सरकारले लागि प्रदेश वा स्थानीय तहबाट संचालन हुने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्दछ ।प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन वमोजिम विशेष अनुदान प्रदान गर्न सक्दछ ।

नेपालको संविधानको धारा ६० ले राजस्व संकलन र परिचालनको अधिकार संघ प्रदेश र स्थानीय तहको हुने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको छ तथा साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा भने कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ। नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने र संघ, प्रदेश र स्थानीय तह बीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्ने व्यवस्था संविधानको अर्को राम्रो पक्षको रुपमा रहेको छ । यी प्राबधानहरुले संघीय संरचनाका हरेक तहमा श्रोतको सुनिश्चितता हुन पुगेको छ ।आन्तरिक मूल्य अभिवृध्दि कर र अन्तशुल्क संकलन गर्ने जिम्मा संघीय सरकारको अधिकार क्षेत्र परेको भएता पनि यी करहरु र प्राकृतिक श्रोतको रोयल्टी तीनै तहका सरकारहरुवीच बांडफांड हुने गर्दछ ।

संघले संकलन गरेको मूल्य अभिवृध्दि कर र आन्तरिक अन्तशुल्कको ७० प्रतिशत संघीय संचित कोषमा, १५ प्रतिशत प्रदेश संचित कोषहरुमा र बांकी १५ प्रतिशत स्थानीय संचित कोषहरुमा जम्मा हुने गर्दछ ।प्राकृतिक श्रोतको रोयल्टी अन्तरगत पर्वतारोहण, विद्युत , वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोत पर्दछन् । यी प्राकृतिक श्रोतहरुवाट प्राप्त रोयल्टी शुरुमा संघीय विभाज्य कोषमा जम्मा हुने र तत्पश्चात नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत वाँडफाँड हुने गर्दछ ।नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक श्रोतको रोयल्टीको वाँडफाँड राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरि हेरफेर गर्न सक्ने व्यवस्था रहेकोछ ।

संवैधानिक ब्यवस्था अनुरुप नेपालमा संघ, प्रदेश र स्थानीय तहमा तत् तत् तहका सरकारहरु गठन भैसकेको छ । यी वहु सरकारहरु वीच भएको राज्य शक्तिको वाँडफाँडलाई सार्थक रुपमा प्रयोग गर्ने वित्तीय श्रोतको वाँडफाँडले महत्वपूर्ण भूमिका खेल्दछ ।

वित्तीय श्रोतको न्यायोचित वितरणले संघ, प्रदेश र स्थानीय तहले आफ्ना आवश्यकताहरुलाई खर्चको माध्यमद्धारा प्राथमिकतामा रुपान्तरण गर्न सक्दछन् । प्रदेश र स्थानीय तहहरुको आवश्यकता, साधन श्रोतको उपलब्धता र क्षमतामा एकरुपता नभएको र निर्दिष्ट जिम्मेवारी पूरा गर्न आफ्नो आन्तरिक श्रोत मात्र पर्याप्त नहुने भएकोले संघीय सरकारले प्रदेश तथा स्थानीय तहलाई राजस्व वाँडफाँड र वित्तीय हस्तान्तरण को ब्यवस्था मिलाइदिनु पर्ने हुन्छ ।

नेपालको संविधानको धारा २५० तथा २५१ को मर्मलाई स्पष्ट रुपमा कार्यान्वयन गर्नका लागि तर्जुमा भएको राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ ले राजस्व वाँडफाँडमा सूत्रगत व्यवस्थाको लागि मूल आधारहरु र तिनको मापनको लागि सूचकांकहरुको व्यवस्था गरेको छ ।

यसमा मूल आधारहरुमा जनसंख्या र जनसांख्यिक वितरण, क्षेत्रफल, मानव विकास सूचकांक, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास , पूर्वाधार विकास, विशेष अवस्था, गरिवी सूचकांक पूर्वाधार सूचकांक, न्यून विकास सूचकांक पर्दछन् । संघीय संरचनाका तीन तहवीचको यो वित्तीय अन्तरसम्बन्धलेसंविधानलेपरिकल्पना गरेको सहकारिता, समन्वय र सह अस्तित्वको अवधारणलाई सार्थक वनाउन सहयोग गरेको छ ।संघ, प्रदेश र स्थानीय तह वीचको यो वित्तीय अन्तरसम्बन्धले वित्तीय श्रोतको न्यायोचित वितरणमा योगदान दिने गर्दछ ।

(डा. दामोदर रेग्मी कुशल प्रशासक र संघीयताका विज्ञ हुन्)

# स्थानीय तहको बजेट तर्जुमाः ख्याल गर्नुपर्ने कुराहरु

**रामशरण गैरे**

नेपालको संविधान र कानुनबमोजिम संघीय सरकारको प्रत्येक वर्षको बजेट जेठ १५ गते र प्रदेश सरकारको असार १ गते जारी हुन्छ । यसअनुसार हालै निर्वाचित ७५३ वटा स्थानीय तहका जनप्रतिनिधिले आगामी आव २०७९/८० का लागि असार १० गतेभित्र बजेट जारी गरिसक्नुपर्छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रिया एक महत्वपूर्ण पक्ष हो । हुन त, स्थानीयस्तरमा गरिने योजना छनोट तथा यससम्बन्धी प्रक्रिया नेपालमा नयाँ अभ्यास होइन । पञ्चायत र प्रजातन्त्रमा केन्द्रीकृत शासन पद्धतिको अभ्यास गरिरहेको मुलुकले अहिले तीन तहको सरकारमार्फत गाउँ तहसम्म सीधै अधिकार उपयोग गरिरहेको छ ।

स्थानीय तहले वार्षिक बजेट निर्माण गर्दा पुस मसान्तभित्र आयव्ययको प्रक्षेपण नेपाल सरकारसमक्ष पेश गर्नुपर्छ । फागुनभित्र संघबाट र चैतभित्र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा प्राप्त गर्नुपर्छ । राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले वैशाख १० भित्र आफ्नो काम सम्पन्न गर्नुपर्छ । वडा र विषयगत शाखा महाशाखालगायतलाई बजेटको सिलिङ पठाउनुपर्छ ।

यसैगरी, जेठ १५ भित्र वडास्तरीय योजना प्राप्त, जेठ मसान्तभित्र एकीकृत बजेट तथा कार्यक्रम तर्जुमाको मस्यौदा तयार गर्नुपर्छ । असार ५ भित्र कार्यपालिकाबाट बजेट पारित गर्नुपर्छ र असार १० भित्र सभामा बजेट पेश गर्नुपर्छ । साथै असारभित्र सभाबाट बजेट पारित गर्नुपर्छ । दर्शौं चरणमा साउन १५ भित्र वार्षिक बजेट सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्छ । हालै नवनिर्वाचित जनप्रतिनिधिलाई यसपटक यी सबै पूरा गर्ने समय उपलब्ध छैन । तथापि, उनीहरुले संविधान र कानुनको व्यवस्थालाई हुबहु अनुसरण गर्नुपर्छ । साथै, साबिकका पदाधिकारीहरुले सम्पादन गरेका कार्यचरणहरुलाई पछ्याई अघि बढ्नुपर्छ ।

यस अतिरिक्त चालू आव २०७८/७९ का बाँकी काम पनि सम्पन्न गर्नुपर्छ । स्थानीय सरकारले वार्षिक नीति र कार्यक्रम तथा बजेट जारी गर्नुपूर्व आमजनतासँग व्यापक छलफल गर्नुपर्छ । यसरी, सहभागितामूलक लोकतन्त्रको अवधारणाअनुसार प्रत्येक वडामा जनभेलागराईरायसुझाव संकलन गर्नुपर्छ । उद्यमी, व्यापारी एवं लगानीकर्ताको मनोबल उच्च तुल्याउन करसम्बन्धी नीतिगत विषयमा राजस्व परामर्श समितिमा खुला बहस गर्नुपर्छ । स्रोत अनुमान समितिले सबै तथ्य-तथ्याङ्क केलाएर मात्रै आगामी वर्षको आम्दानी र खर्चको अनुमान यकिन गर्नुपर्छ ।

अहिले स्थानीय सरकारले योजना पहिचान, प्राथमिकीकरण र बजेट विनियोजन गर्न सक्ने संवैधानिक अधिकार पाएको छ । र, सोहीअनुसार पालिका सभामार्फत योजनाहरुको टुंगो लगाइने गर्छ । तर, विगतको गाविस र स्थानीय सरकारको विकासे मोडलमा भने परिवर्तन हुन सकेको छैन । यसअघि पनि बजेट बाँडफाँटको तरिका, छनोट विधि, कार्यप्रणाली सबै परम्परागत नै देखिएको थियो । धेरै स्थानीय तहले विशेषगरी सडकमा नै बढी बजेट विनियोजन गरेको पाइएको थियो । त्यसरी मुख्य प्राथमिकतामा राखिएको सडक दीर्घकालीन भने बन्न सकेको देखिँदैन । बिसौं वर्षदेखि हरेक स्थानीय तहले सडकमै खर्च गरिरहेका छन्, तर एउटै पनि सडक कुनै वर्ष पूरा हुन सकेको देखिँदैन ।

बजेट तर्जुमाका बखत गाउँ वा नगर गौरवका योजना, प्राथमिकता दिनुपर्ने क्षेत्र, बहुवर्षीय ठेक्काका लागि आवश्यक रकम र अनिवार्य दायित्वतर्फका बजेट एयरमार्क गर्नुपर्छ र तत्पश्चात् बजेट तर्जुमा समितिले नीति र कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्छ । यसमा नगरसभा र गाउँसभामा व्यापक छलफल गरिनुपर्छ । जसमा सर्वसाधारण नागरिक, नागरिक समाजका अगुवा, सञ्चारकर्मीलगायतलाई आमन्त्रण गर्नुपर्छ । संघीय शासन प्रणालीमा जनताको नजिकको सरकार नै स्थानीय तह हो। यो जनताको सुखदुःखको साथी सरकार पनि हो । यसर्थ, आगामी बजेट समावेशी र सहभागितामूलक प्रणालीबाट निर्माण हुनुपर्छ । यो नगरवासी वा गाउँवासीको आवश्यकतामा आधारित हुनुपर्छ । यो गरिबी निवारण गर्ने, सामाजिक न्याय दिने, दिगो विकास र लक्षित क्षेत्रकेनिम्ति हुनुपर्छ ।

आगामी बजेटले विगतका पुराना आयोजनाको विरासत स्वीकार गर्दै आवश्यक परिमार्जनसहित अघि बढ्नु बुद्धिमानी हुनेछ । नवनिर्वाचित जनप्रतिनिधिहरुले आगामी पाँच वर्षको भिजनसहित आउँदो बजेटमा बेसलाइन तयार गर्नुपर्छ । साथै, दिगो विकासको लक्ष्यलाई आत्मसात् गरी यसलाई स्थानीयकरण गर्न भुल्नुहुँदैन । सकभर कुनै पनि रकम अबण्डामा राख्नुहुँदैन । सम्भव भएसम्म आगामी बजेटलाई वितरणमुखी बन्न दिनुहुँदैन ।

हरेक पालिकाले आगामी वर्षको बजेट तर्जुमा गर्दा आन्तरिक राजस्वलाई दिगो बनाउने ध्येय लिनुपर्छ । पालिकाभित्रको माग र आवश्यकतालाई एक ठाउँमा राखेर प्राथमिकीकरण गरी कार्यक्रम छनोट गर्नुपर्छ । अन्य पालिकाको असल अभ्यासको अनुसरण गर्ने र खराबीको नियन्त्रणमा बजेट निर्माण समूह चनाखो हुनुपर्छ । तर, आगामी बजेटले आमजनतामा आशा भने जगाउने हुनुपर्छ ।

विकासको परम्परागत अवधारणा भौतिक उन्नति, बजारीकरणसँग जोडिएको बाटो, पुल, भवनका साथै अर्थतन्त्रको आकार बढाउनेसँग सम्बन्धित छ । अर्थशास्त्रीय दृष्टिकोणबाट मात्रै हैन, समाजशास्त्रीय दृष्टिकोणबाट हुने मानव विकाससमेतको जोडफललाई विकास अवधारणाका रुपमा अवलम्बन गर्नुपर्छ ।

भौतिक पूर्वाधारमध्ये प्रायः सबैले मोटर चल्ने सडकलाई प्राथमिकता दिएजस्तै धेरैले आयस्रोतको विकासका लागि प्राकृतिक स्रोतको दोहनमा भर परेका हुन्छन् । यी दुवै काम भने वातावरणीय सन्तुलन मिलाएर गर्दामात्र दिगो र लाभदायी हुन्छन् । 'डोजरे विकास'का नाममा बदनाम सडक निर्माण साँच्चै नै गलत र अनावश्यक भने होइन । मोटर चल्ने सडक अरु सबै प्रकारका भौतिक सुविधाको पनि मूल बाटो हो । यसैले पहिलो प्राथमिकतामा पर्नु अस्वाभाविक होइन ।

यसैगरी, नेपालका अधिकांश स्थानीय तहमा प्राकृतिक स्रोतको प्रचुरता छ । वन, नदी, जमिन, ढुङ्गा, बालुवा र अरु प्रकारका खनिज पदार्थ जताततै पाइन्छ । यीमध्ये जमिन, पानी र वन केही हदसम्म व्यवस्थित भइसकेका स्रोत हुन् । यसैले, स्थानीय तहका जनप्रतिनिधिको ध्यान ढुङ्गा, बालुवामा धेरै गएको देखिन्छ ।

मोटरबाटो पुग्ने ठाउँमा भएका ढुङ्गा, बालुवा नझिकिएको र नबेचिएको ठाउँ सायद कतै पनि भेटिन्न । यसैले, स्थानीय तहले त्यसलाई आयस्रोत बनाउनु पनि अनुचित होइन ।परन्तु, अहिलेजसरी प्राविधिक र वातावरणीय पक्षलाई उपेक्षा गरेर गरिने बाटो बनाउने र खोला खन्ने काम भने अनुचित र प्रत्युत्पादक दुवै हुन पुगेको देखिएको छ । यसपटक निर्वाचित प्रतिनिधिले पनि विचार नपुऱ्याए निकट भविष्यमा अकल्पनीय सङ्कटको सामना गर्नुपर्ने हुन सक्छ । आउन-जान सजिलो होस् भनेर डाँडा खोस्रेर बनाइएका बाटाका कारण धेरै बस्ती नै जोखिममा परेका छन् । यस्तै, केही रकमका लागि प्राकृतिकरुपमा बर्सेनि आउनेभन्दा बढी र गलत ठाउँमा ढुङ्गा, बालुवा झिक्न दिँदा त्यसबाट धान्नै नसकिनै क्षति हुन सक्छ ।

नवनिर्वाचित जन प्रतिनिधिहरु यसै वर्ष हतारिन पर्दैन । सस्तो लोकप्रियताको लोभमा फस्नुहुँदैन । सर्वप्रथम, अनिवार्य दायित्व र बहुवर्षीय ठेक्कामा रकम छुट्याउन भुल्नुहुँदैन । अनुदान दिने र लागत साझेदारीमा सन्तुलन खोज्नुपर्छ । मूल कुरो, स्थानीय तहको बजेट खर्च रकम स्थानीय तहमै अडिने कुरामा सुनिश्चित हुनुपर्छ । विगतमा संघीय सरकारको अनुदान पालिकाले खर्च गरेपछि सो रकम केन्द्रमै रहनेको हातमा फर्किएको अनुभूति गरिएको छ । यसर्थ, स्थानीय उत्पादकत्व वृद्धिमा आगामी बजेटलाई केन्द्रित गर्नुपर्छ । स्थानीय तहको बजेटले रोजगारीको अवसर वृद्धि गर्नुपर्छ ।स्थानीय आर्थिक समृद्धिको गोरेटो कोर्नुपर्छ । निर्वाचित जनप्रतिनिधिहरु दलीय स्वार्थबाट माथि उठेको सन्देश प्रवाह गर्न सफल हुनुपर्छ । आगामी बजेटले अन्तरपालिका समन्वय कायम गर्दै कृषि उत्पादनमा आत्मनिर्भरता सृजना गर्नुपर्छ । यो बजेट लक्षित वर्गकेन्द्रित हुनुका साथै बालमैत्री, वातावरणमैत्री, प्रविधिमैत्री, पोषणमैत्री सुशासन कायम गर्न सक्षम हुनुपर्छ ।

स्थानीय सरकारले भौतिक विकाससँगै सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक, आर्थिक विकाससमेत चाहेको हो भने साना उद्योग, किसान, युवा, महिलाकेन्द्रित कार्यक्रमलाई प्राथमिकता दिनु जरूरी छ । अहिले पनि संघीय शासनव्यवस्था परीक्षणकै अवस्थामा छ ।

प्रदेश सरकार र स्थानीय सरकारले गर्ने कामले संघीयताको सफलता वा असफलता जोडिएको हुन्छ । त्यसैले, विशेषगरी स्थानीय सरकारले जनताको दैनिक कामसँगै विकासको मोडलमा थोरै परिवर्तन गरेर साना उद्योगहरुलाई प्रोत्साहित गर्ने र कृषि, पर्यटन, जलस्रोत, स्वास्थ्य, शिक्षाजस्ता कुरालाई प्राथमिकता राख्नुपर्ने हुन्छ ।

कुनै गाउँठाउँमा सडक पुगेर त्यहाँका मानिसको आर्थिक उपार्जनमा टेवा पुग्ने हैन, सवारीसाधनको प्रयोग गर्दा आर्थिक नोक्सानीमात्रै हुने अवस्था भयो भने त्यो सडकको उपादेयता सोचेअनुसार भएन भन्ने ठान्नुपर्छ । गाविस वा नगरपालिका हुँदा र अहिल्लो स्थानीय सरकारले समेत सडकलाई प्राथमिकता दिएको छ । सडकको आवश्यकतै पर्दैन वा सडक प्राथमिकतामा पर्नुहुँदैन भन्ने हैन । विकासको मुख्य आधारमध्येमा पर्छ सडक र विद्युतीकरण । तर, सडकको उपादेयता के वा सडकलाई थप उपलब्धिमूलक बनाउने कसरी भन्ने मुख्य कुरा हो । नेपालको लगभग सबै भेगको भूगोलमा सडक पुगिसकेको छ । सडक पुगेका ठाउँमा त्यसको स्तरोन्नति र नपुगेको ठाउँमा ट्याक खोल्ने कामलाई पनि सँगसँगै लैजानुपर्छ । योसँगै सडकको उपादेयता बढाउन कृषि, पर्यटन, साना उद्योगजस्ता कुरालाई अझ बढी प्राथमिकता दिनुपर्छ ।

कुनै गाउँमा सडक पुगेको छ भनेपछि त्यो गाउँबाट मानि सहरु राजधानी या सदरमुकाम जाँदा आफूले उत्पादन गरेका केही कृषि उत्पादन वा घरेलु उत्पादन सँगै लान सक्ने अवस्था होस् । अनि सडक पुगेको ठाउँमा अधिक पर्यटक पुगेर त्यो ठाउँको आर्थिक उन्नति हुने अवस्था बनोस् । त्यसैले, यसपटक सडकको प्राथमिकता कम गरेर हरेक पालिकाका हरेक वडाहरुमा आयआर्जनका लागि कृषि उत्पादन, घरेलु उद्योग, पर्यटकीयस्थलको व्यवस्थापन र प्रचारप्रसारजस्ता कुरामा ध्यान पुऱ्याउनु जरूरी छ ।

अब केन्द्र र प्रदेश सरकारले हरेक जिल्लाको कृषि उत्पादन, पर्यटकीयस्थल र साना उद्योगको सम्भावनाबारे अध्ययन तथा त्यसको प्राथमिकीकरणका लागि आवश्यक कार्यक्रम निर्माण गर्ने र जिल्ला तथा पालिकाहरुलाई आवश्यक सहयोग गर्ने तथा पालिकाहरुले आफ्नो पालिकाको कुन वडामा कृषि उत्पादनको सम्भावना के छ त्यसको अध्ययनपछि प्राथमिकताका साथ पकेट क्षेत्र घोषणा गरी सहयोग गर्ने, पर्यटकीयस्थलका लागि कुन वडामा धार्मिक, सांस्कृतिक एवं पर्यटक आकर्षित गर्ने के कुरा छन् त्यसको प्राथमिकीकरण गरी प्रवर्द्धन र विकासको काम गर्ने र त्यसको प्रचारप्रसार गर्ने कुरा मुख्य प्राथमिकतामा पर्नुपर्छ ।

आधारभूतरुपमा सडक र विद्युतीकरणको काम धेरै हदसम्म पूरा भैसकेकाले अब सडक र विद्युतीकरणको अधिकभन्दा अधिक फाइदा कसरी लिन सकिन्छ भनेर पालिकाहरुले ध्यान नदिने हो भने फेरि पनि स्थानीय नागरिकहरुले पार्टीका नेता र जनप्रतिनिधि गाउँमा पुग्दा हाम्रो लागि तपाईंहरुले के गर्नुभयो ? भन्ने प्रश्न गर्ने कुरा जस्ताको तस्तै बाँकी रहन्छ, र यो सबै

बाँकी ६ पेजमा

प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय
## प्यूठान

फोन: ०८६-४६००१०, ०८६-४६०४५१, ०८६-४६०४६५, ०८६-४६०६९०
प्यूठान न.पा.-४, बिजुवार

### कोभिड-१९ विरुद्धको खोप लगाउने सम्बन्धी सूचना

कोभिड-१९ सङ्क्रमणको जोखिम अहिले पनि कायमै रहेको र पुनः जुनसुकै समयमा महामारीको रुप लिन सक्ने भएकोले सोको रोकथाम तथा नियन्त्रणका लागि प्युठान जिल्लाका तपसिलका स्वास्थ्य संस्थाहरूबाट प्रत्येक बिहिवार नियमित रुपमा कोभिड-१९ विरुद्धको खोप सेवा सञ्चालन भइरहेकोले आफूलाई पायकपर्ने नजिकको स्वास्थ्य संस्थामा गई कोभिड-१९ विरुद्धको खोपको आवश्यक मात्रा (पहिलो वा दोस्रो वा बुस्टर) खोप लगाउनु हुन अनुरोध छ।

**तपसिल**

| क्र.सं. | स्थानीय तह | स्वास्थ्य संस्थाको नाम | कैफियत |
|---|---|---|---|
| १. | प्युठान नगरपालिका | सापडाँडा स्वास्थ्य चौकी | |
| २. | स्वर्गद्वारी नगरपालिका | भिङ्ग्री प्राथमिक स्वास्थ्य केन्द्र | |
| ३. | गौमुखी गाउँपालिका | पुजा स्वास्थ्य चौकी | |
| ४. | झिमरुक गाउँपालिका | ओखरकोट स्वास्थ्य चौकी | |
| ५. | नौबहिनी गाउँपालिका | बाहाने सामुदायिक स्वास्थ्य एकाइ | |
| ६. | मल्लरानी गाउँपालिका | खलङ्गा प्राथमिक स्वास्थ्य केन्द्र | |
| ७. | ऐरावती गाउँपालिका | पुरन्ठाँटी स्वास्थ्य चौकी | |
| ८. | माण्डवी गाउँपालिका | देविस्थान स्वास्थ्य चौकी | |
| ९. | सरुमारानी गाउँपालिका | बड्डाँडा आधारभूत स्वास्थ्य सेवा केन्द्र | |

निमित्त स्वास्थ्य कार्यालय प्रमुख

अनुरोधक
स्वास्थ्य कार्यालय, प्युठान

# राप्ती गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लास्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मसुरिया, देउखुरी दाङ**

# माण्डवी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लास्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जस्पुर, प्यूठान**

# सडक डिभिजन कार्यालय जस्पुर प्यूठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।

२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।

३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्रि यथाशिघ्र हटाऔं ।

४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिय मर्मत संभार गरौं, कार्यालयलाई खवर गरौं ।

५) सडक आसपास क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी, ननिकालौं ।

६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।

७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

***विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।***

**अनुरोधक :**
**सडक डिभिजन कार्यालय**
**जस्पुर, प्यूठान**

# मल्लरानी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**मल्लरानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खलंगा, प्युठान**

# गौमुखी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**गौमुखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिवासे, प्युठान**

*लुम्बिनी...........*

आर्थिक वर्ष २०७८/७९ को प्रदेशको कुल गार्हस्थ उत्पादन रू. ६ खर्ब ८५ अर्ब रहेको जानकारी दिए। देशको कुल गार्हस्थ उत्पादनमा यस प्रदेशको योगदान १४ प्रतिशत रहेको छ भने प्रदेशमा सबैभन्दा बढी योगदान कृषि क्षेत्रको ४५.५ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर ५.३७ प्रतिशत हुने अनुमान रहेको छ । जुन नेपालको चालु आर्थिक वर्षको अनुमानित आर्थिक वृद्धिदर ५.८४ को नजिक रहेको छ । लुम्बिनी प्रदेशको प्रतिव्यक्ति आय ११०३ अमेरिकी डलर पुगेको छ।

आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयनबाट

उत्पादन र उत्पादकत्व वृद्धि गर्दै मूल्य श्रृङ्खलामा आधारित बजारीकरण गरी कृषि क्षेत्रको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने, कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रहरूमा उत्पादन तथा रोजगारी वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउने र आधारभूत भौतिक पूर्वाधारहरूको विकास तथा विस्तार गरी पिछडिएका क्षेत्रको आर्थिक सामाजिक रूपान्तरण हुने विश्वास लिएको मन्त्री कृष्णध्वज खड्काले प्रस्तुत गरेको कार्यक्रममा उल्लेख गरेका छन् । प्रदेश सरकारका नारा

समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश

एक स्थानीय तह, एक नमुना उत्पादन

स्वस्थ माटोः स्वस्थ उत्पादन

कृषकको अवस्थितिः कृषि प्राविधिकको उपस्थिति

र घरमा उन्नत प्रविधि, महिलाहरूको समुन्नति

लुम्बिनी प्रदेशका महिलाः उद्यमशीलतामा पहिला

प्रदेश सरकारको अपेक्षाः प्रसुति महिलाको सुरक्षा

***निःशुल्क सुत्केरी पोषण आहार***

भगत सर्वजित सीप विकास कार्यक्रम

एक निर्वाचन क्षेत्रः एक औद्योगिक कार्यक्रम

कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्धन कार्यक्रम

## प्यूठानमा वजेट

प्यूठानमा अत्याधुनिक ल्याप्रोस्कोपी सेवा विस्तार हुने भएको छ। साथै अस्पतालमा डी.आर. एक्सरे सेवाको लागि वजेट विनियोजन भएको छ। यो संगै सीप विकास प्रतिष्ठान, नौमुरे बुहउद्देश्यीय आयोजना, पर्यटकीय क्षेत्रको विकास, शिक्षामा उल्लेख्य सुधार लगायतका विषयले प्युठानलाई समेटिएको हो।


**फोहोर छोए गर्नु पर्दछ हातधुने बानी !**
**सधै प्रयोग गर्नु पर्छ साबुन र पानी !!**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**प्युठान**

### प्युठान नगरपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**प्युठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिजुवार, प्युठान**

### सरुमारानी गाउँपालिकाको अनुरोध

- **जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सार्वजनिकस्थल, नदीएवंखोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।**

**सरुमारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**वडडाडा, प्युठान**

### स्वर्गद्वारी नगरपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।

**स्वर्गद्वारी नगपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भिंगृ, प्युठान**

### झिमरुक गाउँपालिकाको अनुरोध

- **जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।**

**झिमरुक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भ्यागुते, प्युठान**

स्कुरा स्थानीय तहको योजना

स्थानीय......

तथा बजेट तर्जुमा प्रक्रियाकै क्रममा हुनुपर्छ । हरेक पालिका आर्थिकरुपमा सम्पन्न हुन सक्यो भने आमनागरिकलाई संघीयताको मर्म बुझ्न सहज हुनेछ।

सार्वजनिक खर्चलाई मितव्ययी बनाउनेबारे आधार दिने, पुँजीगत खर्चलाई नतिजामुखी बनाउन आधार खडा गर्ने, सालबसाली वृद्धिको आधारमा बजेट तर्जुमा गर्ने परम्पराको अन्त्य गरी बजेट निर्माण प्रक्रियालाई कार्यक्रममा आधारित बनाउनेजस्ता कार्यलाई स्थानीय तहमा मध्यमकालीन खर्च संरचनाका माध्यमबाट प्रभावकारी बनाउने ध्येय सरकारको छ। त्यसैगरी, स्थानीय गौरव तथा स्थानीय तहको प्राथमिकतामा परेका परियोजनाका लागि स्रोतको अभाव हुन नदिने, पुँजीगत खर्चको गुणस्तरीयता र प्रभावकारिता बढाउन वर्षको प्रारम्भमा नै निर्माणसम्बन्धी कार्यको ठेक्का बन्दोबस्त गरिसक्ने र तदनुरुपका कार्यहरु अगाडि बढाउन आवश्यक

संघीयता...............................

# संघीयताको अवधारणा

गुणराज राइ

सङ्घीयता ल्याटिन भाषाको ँयभमगक नामक शब्दबाट आएको हो । यसको खास अर्थ एकता,सन्धी वा करार हो। शाब्दिक रूपमा सङ्घीयता भनेको आपसी सहकार्य, सम्बन्ध र एकता हो। संघीयताले सरकारका विभिन्न तहहरूको बिचमा राजनीतिक शक्तिको बाँडफाँड र समायोजन गर्ने गर्दछ । सङ्घीयताको आधुनिक अवधारणा सन् १७८७ को संविधानले अमेरिकामा महासंघीय राज्यबाट सङ्घीय राज्यमा रूपान्तरण भए सँगै आएको हो । यो अधारणा प्राचीन ग्रिस, संयुक्त नेदरल्याण्ड र ब्रिटिस साम्राज्यबाट आएको हो । यो अवधारणामा दुई तहका सरकारहरूको स्वतन्त्रतालाई जोड दिइएको थियो। सङ्घीय शासन प्रणाली अपनाउने अर्को पुरानो मुलुक स्वीजरल्याण्ड हो।

एक राज्यमा दुई वा दुई भन्दा बढी तहको सरकार रहेको राजनीतिक प्रणाली वा शासन व्यवस्थालाई सङ्घीय शासन प्रणाली भनिन्छ । एकात्मक प्रणालीमा पनि तहगत सरकार हुन सक्छन् तर तहगत सरकार केन्द्रीय निकायका वैधानिक संरचना हुन्छन् भने संघीयतामा ती तहहरूको संवैधानिक स्वायत्ता हुन्छ ।सङ्घ, प्रदेश वा सङ्घीय इकाईहरू बिच संविधान मार्फत अधिकारको स्पष्ट विभाजन गरी सबै तहका सरकारले स्वायत्तता र स्वशासनको कार्यान्वयन गर्नु हो । नेपाल एकात्मक स्वरूपबाट संघीयतामा प्रवेश गर्ने मुलुक भित्र पर्दछ । एकात्मक र केन्द्रीकृत प्रणालीले जनआकंक्षालाई सम्बोधन गर्न र जनतालाई शासन व्यवस्थामा सहभागी गराउन नसक्नु, अधिकार केन्द्रीकृत रूपमा रहनु, अधिकार र आर्थिक अवसरको समान प्रयोग हुन नसक्नु, वर्गीय, जातीय, भाषिक लैगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्य सफल नहुनु, राज्य सञ्चालनमा समावेशिता, हिस्सेदारी र स्वामित्व स्थापना हुन नसक्नु जस्ता कारणबाट नेपाल एकात्मक राज्य बाट सङ्घीय राज्यमा रूपान्तरण भएको हो । सङ्घीयताको पक्षमा भएका आन्दोलनहरूलाई सम्बोधन गर्न नेपालको अन्तरिम संविधान २०६३ ले वर्गीय, जातीय, भाषिक, लैगिक, सांस्कृतिक धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्नु राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी लोकतान्त्रिक सङ्घीय शासन प्रणाली सहितको अग्रगामी पुनर्संरचना गरिने उल्लेख गरी नेपाल सङ्घीय राज्य हुने नीति स्वीकार गरेको थियो । मिति २०७२ सालमा जारी भएको नेपालको संविधानले संघीयतालाई राज्य व्यवस्था सञ्चालनको प्रमुख आधारकोरुपमा अंगिकार गरेको छ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सङ्घीय संरचना हुने व्यवस्था गरेको छ भने प्रदेशहरू ७ वटा र स्थानीय तह ७५३ वटा हुने व्यवस्था गरिएको छ । न्यायपालिका एकीकृत रहने व्यवस्था रहेको छ भने कार्यपालिका र व्यवस्थापिकाको संरचना सङ्घीय रहेको छ । सङ्घ, प्रदेश र स्थानीयतहको अधिकारको बाँडफाँड सूची प्रणालीका आधारमा संविधानले नै स्पष्ट व्यवस्था गरेको छ।

सङ्घीय राज्यको निर्माण

संघीयकरणमा जाने आ–आफ्नो आधार छन् । विश्व इतिहासलाई हेर्दा सङ्घीय राज्य दुई किसिमले बनेका छन् । पहिलो: दुई वा सो भन्दा बढी सार्वभौम राज्यहरू मिलेर एउटा सिगो राज्य बन्छ । स्वतन्त्र मुलुकहरूले सङ्घीय पद्धतिमा एकात्मक जनाएर नयाँ मुलुक बनाएको अवस्थामा COMING TOGETHER को अवधारणा अर्थात् **Federation by Aggregation** भनिन्छ । जस्तै अमेरिका (१७८७), स्विजरल्याण्ड (१८४८), अर्जेन्टिना(१८५३), अस्ट्रेलिया (१९००), जर्मनी (१९१९), रसिया (१९३६) दोस्रो: एउटा सिगो राष्ट्र वा एकात्मक राज्यबाट विभिन्न प्रान्तहरू छुटिन्छन् र केन्द्र र प्रान्त बिच अधिकारको बाँडफाँड हुन्छ । एउटा सार्वभौम मुलुकले अधिकारको विकेन्यीनकरण संविधानबाट नै गरी शासन व्यवस्था सञ्चालन गर्ने अवस्थामा ज्यमिष्लन तयनभतजभच को अवस्था अर्थात् ँभमभचबतष्यल दथ म्ष्कबननचभनबतष्यल भनिन्छ क्यानडा (१८६७), ब्राजिल (१८९१), नाइजेरिया (१९६०) । सङ्घीयता बहु सरकारको अवधारणा -Concept of Multilevel Government) हो । जर्ज एण्डरसन भन्छन् सङ्घीय शासन व्यवस्थामा सरकारका कम्तीमा दुई वटा तह हुन्छन् । एउटा तहले समग्र मुलुकको शासन व्यवस्था सञ्चालन गर्दछ भने अर्को तहले विशेष क्षेत्रको शासन व्यवस्था सञ्चालन गर्दछ । प्रत्येक तहका सरकारको आफ्नै संरचना हुन्छ र आफ्ना नागरिकसँग प्रत्यक्ष सम्बन्ध हुन्छ । सङ्घीयताको सार भनेकै विभिन्न तहको सरकारले संविधान बमोजिमको कार्यसम्पादनमा स्वायत्तता प्राप्त गर्नु हो।

सङ्घीयता विकेन्द्रित शासन व्यवस्थाको आधार हो । यहाँ संविधानबाट नै शासकीय इकाईहरूमा अधिकारको बाँडफाँड गरिन्छ । यो विविधतालाई सम्बोधन गर्ने एउटा राम्रो उपाय हो। ँअनेकतामा एकता, सङ्घीय शासन व्यवस्था भन्ने नारा यसै दृष्टिकोणबाट विकसित भएको हो । सङ्घीयता लाई राज्य एक, सरकार अनेक पनि भनिन्छ। विश्वमा साना ठुला २९ वटा देशहरूले सङ्घीयता अवलम्बन गरेका छन्। नेपाल २९ औँ मुलुकको रूपमा रहेको छ । अधिकार बाँडफाँडको आधारमा विश्वमा देहायका सङ्घीयताका मोडलहरू अभ्यासमा रहेको पाइन्छ। १. समान अधिकारमा विभाजन भएका सङ्घीय संरचना –Symmetric Federalism) सबै सङ्घीय एकाइहरूलाई समान र केन्द्रमा समान प्रतिधित्वको व्यवस्था गरिएको।

२. भिन्न अधिकारको बाँडफाँड गरिएका सङ्घीय संरचना – ब्कथ्क्रभतचष्अ ँभमभचबष्कि)

केही प्रदेशले अन्य प्रदेशको तुलनामा विशेष हैसियत र अधिकार पाएको सङ्घीय प्रणाली । जस्तै क्यानडाको फ्रेन्च भाषी क्युवेक, भारतको जम्मु कश्मिर।

३. सबैलाई एकैठाउँमा राख्न सक्ने सहयोगात्मक सङ्घीयता –Co-operative Federalism)

सङ्घ र प्रदेश मिलेर वा संयुक्तरुपमा सहकार्य गरी नीति निर्माण कार्य गर्नेलाई सहकारी सङ्घीयता भनिन्छ । जस्तै भेनेजुएला, जर्मनी, बेल्जियम, नेपाल

सङ्घीयताका सिद्धान्तहरू:

सङ्घीयताले स्वशासनको वकालत गर्दछ । साझा शासनको पक्षपोषण गर्दछ। यो शासन व्यवस्था समन्वय र सहअस्तित्वमा विश्वास गर्दछ । यसका आधारभूत सिद्धान्तहरू देहायानुसार रहेका छन्।

क) स्व शासन र साझा शासनको सिद्धान्त

ख) समन्वय र सहअस्तित्वको सिद्धान्त

ग) आत्मनिर्भरता र अन्तरनिर्भरताको सिद्धान्त

घ) अवशिष्ट अधिकार सहितको लचक ताको सिद्धान्त

नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीय शासन व्यवस्थाको परिकल्पना गरेको छ।

सहअस्तित्व कुनै पनि सरकार एक अर्काको मातहत नभई स्वशासित र स्वायत्त रूपमा सञ्चालन हुने।

सहकारिता: कानुन निर्माण र स्रोत बाँडफाँड गर्दा तीन वटै तहका प्रतिनिधि बसेर सहमति गर्ने।

समन्वय विवादित हुन सक्ने र भैसकेका विषयमा संवादद्वारा समाधान गर्ने।

सङ्घीय शासन प्रणालीका बिशेषताहरु:

– राज्य शक्तिको प्रयोग कम्तीमा दुई वा सो भन्दा बढी तहबाट हुने।

– सरकारका तहहरूबिच कुनै न कुनै रूपमा सार्वभौमसत्ताको साझेदारी हुने।

– प्रत्येक तहगत सरकारहरू आफ्ना नागरिकहरू प्रति प्रत्यक्षरुपमा उत्तरदायी हुने।

– संविधानद्वारा तहगत शासन प्रणालीको आधार तय गरिएको हुने।

– प्रत्येक तहगत सरकारहरू संविधानमा उल्लेख भए अनुसार आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्वशासित र स्वायत्त हुने।

– सरकारका तहहरूबिच शक्तिको बाँडफाँड, नियन्त्रण र सन्तुलनको व्यवस्था हुने।

– विवाद समाधानको निश्चित संयन्त्र हुने।

नेपालमा सङ्घीयताको आवश्यकता – एकात्मक र केन्द्रीकृत राज्य पद्धतिको अन्त्य गर्न । – वर्गीय, जातीय, भाषिक, लैगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय विभेदको अन्त्य गरी समावेशी समतामूलक समाज निर्माण गर्न।

– समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली सुनिश्चित गर्न।

– तल देखि माथि सम्म ( द्ययततफ तय त्यउ ) समानुपातिक समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गर्ने

– स्वायत्त शासन र स्थानीय स्वतन्त्र शासन र विकेन्द्रीकरणलाई आत्मसात् गर्दै स्थानीय सेवा प्रभावकारी बनाउने।

– सबै क्षेत्रका जनताको अपनत्व र स्वामित्व तथा सामिप्यता स्थापित गर्न।

– समाजको लोकतान्त्रिकरण गर्दै समतामूलक तथा समावेशी लोकतन्त्र सुद्धढिकरण गर्न । समान अधिकारको माग र आर्थिक अवसरमा समान पहुँचको माग सम्बोधन गर्न।

– राज्यबाट प्रदान गरिने सेवा सुविधामा समान वितरण र विकास निर्माणको प्रतिफलमा समान हिस्सेदारी स्थापित गर्न ।नेपालमा सङ्घीयता कार्यान्वयनका चुनौतीहरु:

–राष्ट्रिय एकता र अखण्डता अक्षुण्ण राख्नु।

–प्रशासनिक खर्च र वित्तीय अनुशासन कायम राख्नु।

–संविधान बमोजिमको अधिकार क्षेत्रको प्रस्टता गरी कार्यान्वयन गर्ने। प्रदेश र स्थानीय तहहरूको संरचना निर्माण गरी प्रभावकारी बनाउने।

–अधिकार क्षेत्रको वारेका कानुन निर्माण गरी कार्यान्वयन गर्नु। मौलिक हक कार्यान्वयन गर्न कानुनहरू तर्जुमा गर्नु। तिनै तहमा कार्य वातावरण सिर्जना गर्नु।

–सरकारका तहहरूमा जनशक्ति व्यवस्थापन गर्नु । जस्तै कतिपय न.पा. हरूमा खरिदार सुब्बाले चलाउनु। समायोजन भएका कर्मचारीहरूलाई घुलनसिलता गर्नु –सरकारका तहहरूबिच समन्वय गर्नु । अन्तर प्रदेश परिषद् लाई प्रभावकारी बनाउनु।

–प्रदेश र स्थानीय तहहरूमा संस्थागत क्षमता विकास गर्नु जस्तै पदाधिकारीलाई आफ्नो कार्य जिम्मेवारी सम्बन्धमा चेतना जगाउनु।

सङ्घीय शासन प्रणालीका सबल पक्षहरू

१) नागरिकको नजिकको सरकार रूपमा रहेको हुन्छ।

२) मुलुकको विविधता सम्बोधन गर्न सहज हुन्छ।

३) जनता र सरकारको सम्बन्ध मजबुत हुन्छ।

४) स्थानीय समस्याको प्राथमिकता पूर्वक समाधान हुन्छ।

५) विकासमा स्थानीय जनताको सहभागिता र परिचालन हुन्छ।

६) सङ्घीय व्यवस्थामा शक्ति तथा अधिकारको विभाजन संविधानद्वारा नै गरिएको हुन्छ।

७) शक्तिको विकेन्दीकरण हुन्छ।

८) प्रजातान्त्रिक अभ्यास बढी हुन्छ।

९) राज्य नागरिकमुखी हुन्छ

१०) सन्तुलन र नियन्त्रण कायम हुन्छ।

११) विविधतालाई समेट्न सजिलो हुन्छ।

संघीयताका दुर्वलपक्षहरु

१) सरकारका तहहरू, संरचनाहरू धेरै हुने भएकाले शासन व्यवस्था खर्चिलो हुन्छ ।२) दोहोरो शासन व्यवस्था हुने खतरा।

३) दोहोरो नागरिकता हुने सम्भावना।

४) राष्ट्रिय एकता र अखण्डता राख्न चुनौती।

५) स्रोत साधन र अख्तियारी प्रयोगमा विवाद हुन सक्ने।

६) निर्णय प्रक्रिया जटिल हुन सक्ने।

७) शासन प्रणालीमा विविधता हुन सक्ने।

८) देश विखण्डन हुन सक्ने।

९) आन्तरिक विवाद बढ्न सक्ने।

सङ्घीयताको मूल मर्म भनेको शक्तिकोविकेन्द्रिकरण,समावेशीकरण, सहभागितामूलक शासन र विविधताको व्यवस्थापन हो । तीन तहका सरकार बिचमा सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा शासन व्यवस्था सञ्चालन गरेमा नेपालमा सङ्घीयता सफल भई समृद्ध नेपाल, सुखी नेपाली भन्ने नाराले सार्थकता पाउने कुरामा विश्वस्त हुन सकिन्छ

## सडक दुर्घटनाबाट बचौं

- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किंग गरौं।
-सडक बत्ति हेरेर मात्र बाटो काटौं
-सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किंग नगरौं

सडक दुर्घटनाबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## के तपाईको घरमा पत्रिका आएन ?

- प्रत्येक सोमबार तपाईको घरमा पत्रिका नआए जानकारी दिनुहोस।

९८५७८३६०२७, ९८६६२२०८६७

## वन ऐन २०७६, वमोजिम तोकिएको कसुरमा हुने दण्ड संजाय सम्बन्धि जानकारी

- वन फाड्ने, वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज पदार्थ उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण कार्य गर्ने काम गरे वा गराएमा पाँच वर्षसम्म कैद वा एक लाखसम्म जरिवाना वा दुवै सजाय गरी गरी त्यसको जग्गा वन क्षेत्रमा समावेश गरी सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएको मेशिनरी औजार साधन समेत जफत हुनेछ। त्यस्तो कसुर गर्दा यस पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो वापत् थप सजाय समेत हुनेछ।
- यस क्षेत्रमा आगो लगाउने वा आगलागी हुन जाने कार्य गरमा क्षति भएको विगो, असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।
- शिकार खेल्ने, वन्यजन्तुको आखेटी पहार राख्ने, ओसारपसार गर्ने वा विक्री वितरण गर्ने कार्य गरेमा वन्यजन्तु संरक्षित प्रचलित कानुन वमोजिम हुनेछ।
- वन पैदावारमा आधारित उद्योगले प्रचलित कानुन विपरित वन पैदावार राखेमा त्यस्तो कसुरमा हुने सजायमा थप २ लाख रुपैयासम्म जरिवाना हुन सक्नेछ।
- उपभोक्ता समुहको पदाधिकारी वा सदस्यले समुहको हितको नाममा कोषको रकम हिनामिना गर्ने त्यस्तो समुहको विधान तथा कार्ययोजना विपरित कुनै कार्य गरेमा विगो भए विगो असुल गरी एक वर्षसम्म कैद वा २० हजार रुपैयासम्म जरिवाना जरिवाना वा दुवै सजाय हुन सक्नेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय**
खलंगा, प्युठान

## ऐरावती गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।

**ऐरावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बरौला, प्युठान

## नौबहिनी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।

**नौबहिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बहाने, प्युठान

## नसर्ने रोगहरुको जोखिम कम गर्न सधै स्वस्थ जीवनशैली अपनाऔं

क. सूर्तिजन्य पदार्थ तथा मदिरा कहिल्यै सेवन नगरौं।
ख. शरिरको मोटोपना घटाउन नियमित व्यायाम गरौं।
ग. उचाई अनुसार शरिरको तौल कायम गरौं।
घ. चिल्लो, गुलियो, नुनिलो कम खाने गरौं।
ङ. दैनिक ५ ग्राम भन्दा कम नुनखाने गरौं।
च. मानसिक तनाव नलिऔं र रिसाउने बानी पनि नगरौं।
छ. अन्न, दाल, गेडागुडी, दूध, दही, माछा, बोसो नभएको मासु, अण्डासहितको सन्तुलित खाना र हरियो सागसव्जी, फलफूल प्रशस्त रुपमा खाने गरौं।
ज. कोल्ड ड्रिङ्क्स, गुलियो पेय पदार्थ, मिठाई, चकलेट, चाउचाउ, चिप्स जस्ता खानेकुराहरु कसभर नखाऔं।

अनुरोधक :
**स्वास्थ्य कार्यालय, प्युठान**

छड्के नजर

# स्थानीय तहको वजेट र हाम्रो अपेक्षा

**स्थानीय तह आत्मनिर्भरका लागि उत्पादन क्षेत्रमा वजेट तर्जुमा गर्न अति आवश्यक छ । त्यसका पछाडि प्रत्यक्ष रूपमा बेरोजगार र किसानसंग जोडिने खालको र सेवामुखि भन्दा कर्ममुखिको रूपमा जाढा किसानमा नैतिक जवाफ हुनसक्छ ।**



• नेत्र खनाल

janakhoji.com

संघ र प्रदेशको वजेट प्रस्तुत संगै स्थानीय तहको आगामी आर्थिक वर्ष २०७९/०८० का लागि वजेट निर्माण पक्रिया स्थानीय तहमा आइपुगेको छ। हामी समृत स्थानीय तह निर्माणको महत्वपूर्ण चरणमा छौं। यस चरणमा यस संक्षिप्त लेखमा मेरा केही धारणा प्रस्तुत गर्न खोजिरहेको छु।

सन् १९५०-५१ को परिवर्तनपछि मात्र नेपालले आफ्नो आर्थिक नितिमा झ्यालढोका खुला राखेको हो । नेपालमा पुजीवादी र अरु विश्वजन्य प्रक्रियाहरु त्यसपछि मात्रै सुरु भएका हुन् भन्ने दृष्टिकोण गलत हो।

यो दृष्टिकोण कोरा राजनीतीज्ञ र शासक वर्गहरुको वौद्विक दुर्वलता र स्वार्थनिहित उपज हो । यसैगरी कोरा अर्थशास्त्रीहरु सन १९३७ मा कम्पनी ऐन वनेदेखि नेपालले पुजिबादी युगमा प्रबेश गरेको हो पनि भन्ने गर्दछन्। यिनै दृष्टिकोण र यीसंग सम्बद्व आर्थिक राजनितिक संरचनाहरुलाई बलदिन सन् १९५०-५१ भन्दा अघिल्लो युग खास गरि राणाकाललाई अन्धकारको युग पनि भन्ने गरिएको छ । हालका वर्षमा खास गरेर बितेका बीस- पच्चिस बर्षमा आम प्रचलनमा आएका नेपालमा केही भएकै छैन नेपाल जस्ताको उस्तै छ र नेपाल एक विकासील मुलुक हो भन्ने धारणाहरु नै हुन । यी धारणा सबैधन्दा गैर-ऐतिहासिक छन् तसर्थ गलत छन्।

मुलरुपमा यी धारणा विश्व पुजिवादी व्यवस्थाका साथसाथै हाम्रो हालको अर्थ राजनितिक संरचना र राज्य व्यवस्थामा आधारित मिथ्या प्रचार हुन्। यि धारणा बौद्विक तृष्णताका घोतक पनि हुन।

नेपालमा पुजिवाद अर्थ राजनीतक ब्यवस्थाको सुरुबात बिश्वपुजिबाद ब्यबस्थासंग सम्बद्व प्रक्रिया हो यद्यपि के पनि सत्य हो भने बिश्व पुजिवादी ब्यवस्था पश्चिम युरोपबाट आईपुग्न निकै समय लाग्यो । यसो हुनुपनि बिश्व पुजिबादी ब्यवस्थामा अन्तरनिहित प्रक्रियाले गर्दा नै हो। यसको अर्थ राजनितीमा शासकवर्गको कार्य सम्पादन र उस्को स्बभावमा पनि अर्थ राजनितिले महत्वपूर्ण अर्थ राख्दछ।

अब केही समय पछि नेपालमा स्थानिय सरकारले आफ्नो बजेट प्रस्तुत गर्दै छन् ,यसमा कुन स्थानिय तहले आफ्नो स्थानिय तहमा आत्मनिर्भरताको लागि कस्ता किसिमका योजना अगाडि सार्ने छन्। सम्भबतः प्रतिनिधिको व्यक्तिगत चरित्रमा नै भर पर्छ ,स्थानिय तहमा फजुल बैठक, अनुगमन, अर्थहीन तालिमले स्थानीय तहको वजेट स्वहा पारेको छ। आफ्नो सेवा सुबिधाको लागि जस्तोसुकै कानुनको कार्यबिधि बनाउने र स्थानीय राजनितिमा आसेपासेलाई भर्ना गर्ने कार्यपनि अघिल्लो कार्यकालमा गरेका थुप्रै नजिर छन् । स्थानीय तह आत्मनिर्भरका लागि उत्पादन क्षेत्रमा वजेट तर्जुमा गर्न अति आवश्यक छ । त्यसका पछाडि प्रत्क्षय रुपमा बेरोजगार र किसानसंग जोडिने खालको र सेवामुखि भन्दा कर्ममुखिको रुपमा जादा किसानमा नैतिक जवाफ हुनसक्छ। होईन भने अनुदानको नाममा ब्रमहलुट फेरि हुन्छ । अर्को पक्षमा फछ्यौंट प्रक्रिया र सेटिङमा गरेको कामले पनि स्थानीय तह बिवादास्पद बन्दै आइरहेको छ।

भौगोलिक अवस्थामा हेरि आत्मनिर्भतामा आधारित बजेट प्रस्तुत गर्दा सबै पक्षलाई राम्रो होला। यस विषयमा जनप्रतिनिधिहरुको गम्भिर्यता जनताले देख्न पाउन भन्ने लाग्दछ।




हामी कहाँ हामी कहा पुस्तक, पत्र-पत्रिका, बिल, लेटरप्याड, भिजिटिङकार्ड, ब्याज, प्रमाणपत्र, प्रकाशन, क्यालेण्डर, लेटरप्याड, भ्ण्डा व्यानर, फोटो, इमेल, फोटोकपी शुभविवाह कार्ड शुभकामना तथा निमन्त्रणा कार्ड साधा तथा रंगिन छपाई स्टेशनरी सामान बिक्री वितरण गरिन्छ ।

जनखोजी साप्ताहिक (जि.प्र.का.द.नं. २० का लागि): सम्पादक: टिकाराम पोखेल, अतिथि सम्पादक: महाविर राना, प्रवन्ध सम्पादक: जायश्वर जैसी, सल्लाहकार: रामकृष्ण शर्मा
कानुनी सल्लाहकार: शिवराज पण्डित(पिप्चडी), प्रकाशक: शशिधर भण्डारी, प्रवन्धक: यादव पौडेल, ठेगाना: प्युठान नगरपालिका-४ जुम्री बजार प्युठान
मुद्रण: भिजन अफसेट प्रेस, Email: janakhoji.news@gmail.com, web: janakhoji.com
सम्पर्क: ९८५७८३६०२७,९८४८०१२०२७